# बराहक्षेत्रनगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा

चक्रघट्टी, सुनसरी
१.नं. प्रदेश नेपाल

## साझेदारीमा बाखा प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/०८/१३

बराहक्षेत्र नगरपालिकाको आ.ब. २०७७/०७८ को श-शर्त तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु “लागत साझेदारीमा पशुपन्छी प्रबर्द्धन कार्यक्रम कार्य संचालन प्रकृया २०७७” बमोजिम लागत साझेदारमि बाखा प्रबर्द्धन कार्यक्रम गर्न इच्छुक सहकारी संस्था/कृषक समुह/समितिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने समेत जानकारी गराईन्छ।

कार्यक्रम विवरण

| क.स. | कार्यक्रमको नाम | संख्या | नगरपालिका बाट व्यहोरिने साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा बाखा प्रबर्द्धन कार्यक्रम | १ | २०,०००००। | २५ प्रतिशत साझेदारी गर्न सक्ने ईच्छुक नगरपालिका भित्रका कृषि शहकारी/कृषक समुह/समिति | |

निवेदन साथ संलग्न कागजातहरु

१. अनुसुचि ३ अनुसार तोकिएको ढाँचामा रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन।
२. अनुसुचि २ अनुसारको संक्षिप्त कार्ययोजना।
३.बाखा पालन समुह/समिति/ सहकारी संस्थाको दर्ता प्रमाण पत्र, सहकारी संस्थाको हकमा गत आ.ब. को कर चुक्ता प्रमाण पत्र, लेखा परिक्षण प्रतिवेदन र कृषि/पशुपालन व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि
४.बाखा पालन समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
५.समुह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली
६. सम्बन्धित वडा कार्यालयको सिफारिस
७. लागत साझेदारीको प्रतिबद्धता पत्र
८.विगत ३ बर्ष भित्र कुनै सरकारी अनुदान नलिएको स्वघोषणा पत्र

नोट : विवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस बराहक्षेत्र नगरपालिकाको www.barahamun.gov.np बाट डाउनलोड गर्न सकिने छ वा सम्बन्धति शाखा बाट प्राप्त गर्न सकिन

**प्रमुख प्रशासकीय अधिकृत**

# बराहक्षेत्रनगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा

चक्रघट्टी, सुनसरी
१.नं. प्रदेश नेपाल

## दुहना गाई  वितरण सम्बन्धी प्रस्ताव आब्हान को सुचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०८/१३
अन्तिम मिति २०७७/०८/२७

बराहक्षेत्र नगरपालिकाको आ.ब २०७७/०७८ को नगरसभा बाट स्वीकृत पशु सेवा शाखाको कार्यक्रम अनुसार दुहना गाई वितरण कार्यक्रम रहेको हुँदा यस नगरपालिकाका कृषकहरु लाई आजको मिति बाट १५ दिन भित्र नगरपालिकाको पशु सेवा शाखामा साथै आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

| क.स. | कार्यक्रमको नाम | संख्या | नगरपालिका बाट ब्यहोरिने साझेदारी रकम | निवेदन पेश गर्न सक्ने सम्भावित कृषकहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुहना गाई वितरण | २१० गोटा | अधिकतम १ गाईको ३५०००। अनुदान दिन सकिने । | आर्थिक रुपमा विपन्न,पछाडि परेको वर्ग,एकल महिला,दलित तथा बैदेसिक रोजगार बाट फर्केको युवा हुनु पर्ने छ । | |

प्रमुख प्रशासकिय अधिकृत

निवेदन साथ संलग्न कागजातहरु

१. नागरिकताका प्रमाण पत्रको प्रतिलिपी

२.वडा कार्यालयको सिफारिस (**विपन्न,पछाडी परेको वर्ग भए सो सिफारिसमा उल्लेख हुनु पर्ने छ ।**)

**३.**एकल महिलाको प्रमाण पत्रको प्रतिलिपि ।

४.वैदेशिक रोजगार बाट फर्केको भए पार्सपोटको प्रतिलिपि(फोटोकपि ।

## अनुसुचि २

## संक्षिप्त कार्ययोजना ढाँचा

१. व्यवसायको परिचय :

२. कार्यक्रम सुरु हुने मिति :

३. कार्यक्रम सम्पन्न हुने मिति :

४. लक्षित वर्ग र सम्भावित रोजगारी विवरण :

५. संचालन गरिने क्रियाकलाप र लागत साझेदारी विवरण :

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु . | स्थानिय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसुचि ३

लागत साझेदारीमा बाखा प्रबर्द्धन कार्यक्रम संचालनको लागी निवेदन पत्र

मितिः २०७७/.../...

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,
बराहक्षेत्र नगरपालिका चक्रघट्टी, सुनसरी ।

बिषय : लागत साझेदारीमा बाखा प्रबर्द्धन कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

यस नगरपालिकाको मिति २०७७/../.. गतेको प्रकाशित सुचना अनुसार यस बाखा पालन समुह/समिति/सहकारी संस्थाले बाखा प्रबर्द्धन कार्यक्रम संचालन गर्न निन्नानुसार कागजात सहित निवेदन गरेका छौ । कार्यक्रममा साझेदारीको लागी प्राप्त रकमको दुरुपयोग नगर्ने प्रतिबद्धता ब्यक्त गर्दछौ ।

संलग्न कागजातहरु :

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा पशुपालन संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपिहरु
२. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
३.समुह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली
४. वडा कार्यालयलयको सिफारिस